## आ.व. २०८०।८१ को लागी नगरसभाबाट पारित नीति, कार्यक्रम, वजेट तथा योजनाहरु सम्वन्धी महत्वपूर्ण निर्णयहरु

१. कोल्हवी नगर कार्यपालिकाले कोल्हवी नगरपालिकाको आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८० तथा सोका अनुसचीमा सलग्न कोल्हवी नगरपालिकाको आ.व.२०८०/८१ का वडास्तरीय र नगरपालिका, केन्द्र स्तरीय बजेट तथा कार्यक्रम उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

२. चालु आ.व. २०७९।८० मा नगरकार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सवै निर्णय तथा विनियोजित बजेट शिर्षकहरुमा भएको खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

३. नगर प्रमुख श्री रामप्रसाद चौधरीज्युबाट आ.ब. २०८०/८१ का लागि पेश गर्नु भएको नीति, कार्यक्रम तथा प्रदेश/केन्द्रीय सशर्त अनुदान समेतको अनुमानित आय ब्यय बजेट रकम रु. ६४ करोड ३८ लाख ८० हजार मध्ये चालु तर्फ ३५ करोड ६४ लाख ३० हजार र पुजिगत तर्फ २८ करोड ७४ लाख ५० हजार सर्वसहमतिबाट पारित गर्ने निर्णय गरियो ।

४. विषयगत क्षेत्रमा विनियोजित वजेट, प्रदेश र केन्द्र सरकारबाट सोही शिर्षकमा विनियोजित वजेट कार्यपालिकाबाट निर्णय गरी संचालन गर्ने निर्णय गरियो ।

५. जि.एफ. कन्सल्टिङ्ग प्रा.लि. भक्तपुर, नेपालले पेश गरेको कोल्हवी नगरपालिकाको संगठन विकास अध्ययन (OD) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

६. कोल्हवी नगरपालिकाको आ.व. २०७९/८० को वार्षिक जिन्सी निरीक्षण गरी प्रतिवेदनमा औंल्याइएका विषयहरु नियमानुसार कार्यान्वयन गर्न नगर कार्यपालिकालाइ निर्देशन दिने निर्णय गरियो ।

७. महालेखा परिक्षकको प्रतिवेदनबाट देखिएका वेरुजुहरु मध्ये सैद्धान्तिक तथा नियमित गर्नुपर्ने वेरुजुको हकमा आवश्यक कागजात विल भरपाई संलग्न गर्न लगाई र असुल उपर गर्नु पर्ने वेरुजुको हकमा असुल उपर गरी/गर्न लगाई वेरुजु सम्परीक्षण गर्न आगामी खटि आउनु हुने म.ले.प. डोरमा पेश गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकामा स्थायी कर्मचारीहरु सबै र करार सेवामा कार्यरत (प्रविधिक कर्मचारिहरु निजले पाउने पारिश्रमिकको ३० (तिस) प्रतिशत प्रोत्साहन भत्ता व्यवस्थालाई निरन्तरता दिने । सेवा करारमा नियुक्त भई ६ महिना काम गरी सकेका कर्मचारीहरुलाइ दशै भत्ता लगायत अन्य सुविधाको सम्वन्धमा सम्झौतामा उल्लेखित सेवा शर्त वमोजिम हुने निर्णय गरियो ।

९. यस नगर सभाबाट कर, दस्तुर, शुल्क तथा अन्य राजश्वका दर कायम गर्न नयाँ एवं छुट भएका विषयका हकमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकाबाट दर तोकी लागु गर्न नगर कार्यपालिकालाइ अधिकार प्रदान गर्ने निर्णय गरियो ।

१०. यस कोल्हवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा साविकका स्वीकृत दरवन्दि वाहेक स्वास्थ्य केन्द्र, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय तर्फ सेवा करार अन्तरगत रहदै आएका करारका कर्मचारीको म्याद थप गर्ने सम्वन्धमा कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

११. आगामी आ.व. २०८०।८१ का लागि अनुमान गरिए वमोजिम आन्तरिक स्रोत संकलन हुन नसकेमा सो को मिलानका लागि वढि प्राथमिकतामा रहेको कार्यक्रम पहिले संचालन गर्ने र क्रमशः प्राथमिकता क्रम अनुसार संचालन गर्दै जाने र नपुग बजेटको हकमा उक्त योजना संचालन नगर्ने निर्णय गरियो ।

१२. आ.व. २०७९।०८० मसान्त सम्म काम बाँकी रहि यस आ.व. २०८०।०८१ मा समेत काम सम्पादन गर्ने गरी भुक्तानी गर्नु पर्ने रकमको लागि योजना सम्पन्न गर्ने म्याद २०८० पौष मसान्त सम्म थप गरी

नपुग रकम क्रमागत शिर्षकबाट भुक्तानी गर्ने, बहुवर्षिय योजनाको हकमा तोकिएको म्याद भित्र सम्पन्न हुने गरी आ.व. २०८०।०८१ मा विनियोजन गरी भुक्तानी दिने ।

१३. राजश्व परामर्श समितिको निर्णयानुसार आगामी आर्थिक वर्षका लागि प्रस्तावित करका दरहरुको विश्लेषन समेतका आधारमा तयार पारिएको प्रतिवेदन बैठकमा छलफल भयो र राजश्व परामर्श समितिको उक्त निर्णय तथा प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

१४. यस कोल्हवी नगरपालिका वडा नं. १ लाई संशोधन गरी तपसिल बमोजिम ३ वटा वडामा विभाजन गर्न सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

तपसिल

वडा नं. १

क. साविक कोल्हवी गा.वि.स. वडा नं.४ क, ४ ख र वडा नं. ९

ख. कोल्हवी साविक गा.वि.स. कोल्हवी १,२,३ र रामपूर्वा वडा नं. ३

ग. साविक गा.वि.स. कोल्हवी ५,६,७,८

१५. श्रोत अनुमान समितिबाट तयार गरिएको वडागत तथा क्षेत्रगत बजेट सिमालाई अनुमोदन गर्ने र श्रोत अनुमान समितिको निर्णय कार्यान्वयन गर्नुका साथै सीमा भित्र रही तर्जुमा गरिएका वडागत योजना तथा कार्यक्रम समेतलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१६. गत विगत देखी नै बाकी बक्यौता रहेको राजश्व रकम असुली गर्न गराउन कार्यपालिकालाई निर्देशन दिने र आवश्यक कानूनी प्रक्रिया अगाड़ि बढाउने निर्णय गरियो ।

१७. यस नगरपालिकाको दशौं नगरसभा सम्पन्न गर्ने चरण सम्म सहयोग, समन्वय र रचनात्मक सल्लाह सुझाव दिनुहुने विभिन्न समितिका संयोजक तथा सदस्य ज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधि ज्यूहरु, पत्रकार, वुद्धिजिवि, समाजसेवी, संघ संस्था तथा अन्य महानुभावलाइ विशेष आभार व्यक्त गर्दै नगरसभा सम्पन्न गर्न जुनसुकै समयमा पनि कार्यमा खट्नु हुने प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिका र वडातह सम्मका सम्पूर्ण कर्मचारीहरु लगायत आम नगरवासीमा धन्यवाद दिने निर्णय गरियो ।

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

राम प्रसाद चौधरी
नगर प्रमुख

# आ.व. २०८०।०८१ को लागी नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम

यस कोल्हवी नगरपालिकाको दसौ नगरसभामा आगामी आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा यस गरिमामय सभामा उपस्थित हुनु भएका नगरसभाका सम्पूर्ण सदस्यहरु ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, राष्ट्रसेवक कर्मचारीहरु, प्रति हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

आदरणीय नगरसभा सदस्य ज्यूहरु ,

कोल्हवी नगरपालिकाले आगामी आ.व. २०८०।०८१ को लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना मार्गदर्शन, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र यस नगरपालिकाको आवश्यकता समेतलाई आधार मानी कतिपय कानूनी जटीलता, अस्पष्टता, साधन र स्रोतको सिमितताका वावजुद पनि नगरवासी वुवा आमा दाजु भाई तथा दिदि बहिनीहरुवाट व्यक्त भएका जनचाहनाहरुलांई समेटदै यहाँहरुको चाहना तथा समग्र नगरको आवश्यकता अनुसार निम्न बमोजिमका नीतिहरु अवलम्वन गरेको छु ।

## १) स्वास्थ्य सम्वन्धी नीतिहरु :

१. स्वास्थ्य सेवालाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयमसेविकाको भूमिका बढाउनुको साथै सचेतनामुलक गतिविधि सञ्चालन गरिनेछ

२. नगरपालिका भित्र रहेका अतिविपन्न/दलित समुदायहरुलाई नगरपालिकाको खर्चमा स्वास्थ्य विमा गराउने कार्य प्रारम्भ गरिनेछ ।

३. सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु नि:शुल्क उपलब्ध गराईनेछ ।

४. नगर भित्रका स्वास्थ्य संस्थाहरुलाई पूर्वाधार सम्पन्न बनाउदै लगिनेछ ।

५. स्वास्थ्य जिवनयापन सम्वन्धी जनचेतनामूलक र क्षमता विकासको कार्यलाई निरन्तरता दिदै विस्तार गरिनेछ ।

६. दिर्घ रोगीहरुलाई आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराईनेछ ।

७. नगर अन्तर्गत विशेषज्ञ सेवा सहितको ५ शैयाको प्राथमिक स्वास्थ्य केन्द्र कोल्हवी लाई आगामी आ.व. बाट २४ सै घण्टा संचालनलाई निरन्तरता दिइने छ र १५ बेडको अस्पताल रामपूर्वाको निर्माण कार्यलाई तिव्रता दिइनेछ।

८. परिवार नियोजनका आधुनिक सेवाहरुलाई सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुबाट १२ महिना नै उपलब्ध हुने गरी सुनिश्चित गरिनेछ ।

९. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन स्तरोन्नति तथा नियमन गरिनेछ।

१०. एम्बुलेन्स सेवामा पहुँच विस्तार गरिनेछ ।

११. स्वास्थ्य सेवामा गरीब सिमान्तकृत दलित, महिला बालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङगता भएका तथा दीर्घ रोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम तय गरी लागु गरिनेछ ।

## २) शिक्षा सम्वन्धी नीतिहरु :

राम प्रसाद चौधरी
नगर प्रमुख

१. आधारभुत शिक्षालाई अनिवार्य र निशुल्क र माध्यामिक शिक्षाको कक्षा ९-१० निशुल्क गर्न शिक्षक तथा कर्मचारी व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
२. नेपाल सरकारले निर्धारण गरेको तलवमानमा नगरपालिकाले केहि पारिश्रमिक थप गरी बाल विकास सहयोगि कर्ता, कार्यालय सहयोगी तथा कार्यालय सहायकलाई क्रमशः १५/१५ हजार र २० हजार उपलब्धतालाई निरन्तरता दिईनेछ।
३. पाँचवर्ष मुनिका बालवालिकाको सर्वाङीण विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
४. सबै माध्यामिक विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र उच्च गतिको इन्टरनेट सुविधा पुऱ्याइनेछ ।
५. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धनर प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ ।
६. सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
७. आधारभूत तह कक्षा ०–६ का वालबालिकाहरुलाई दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
८. प्रत्येक विद्यालयलाई आधुनिक प्रविधियुक्त बनाउनका लागि कम्प्युटरको व्यवस्था गरि कम्प्यूटर शिक्षालाई बिस्तार गरिनेछ ।
९. नगरस्तरीय अतिरिक्त क्रियाकलाप (खेलकूद, हाजिरीजवाफ, वक्तृत्वकला, संगीत आदि) सञ्चालन गरिनेछ।
१०. प्र.अ.र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
११. विद्यालय निरीक्षण/अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
१२. शिक्षक दरवन्दी मिलानको कार्यलाई व्यवस्थित गरिनेछ ।
१३. प्रत्येक २/२ महिनामा आधारभूत, मा.वि. प्र.अ. वैठक नगरपालिकामा बस्ने व्यवस्था मिलाईनेछ ।
१४. आधारभूत तह कक्षा ५ र ८ को परीक्षा नगरस्तरीय रुपमा सञ्चालनको व्यवस्था मिलाईनेछ ।
१५. विद्यालयहरुको गुणस्तर वृद्धि गर्न प्रतिस्पर्धाको वातावरण सृजना गरी पुरस्कार एवं दण्डको व्यवस्था गरिनेछ।
१६. विद्यालय उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गराई गुणस्तरिय शिक्षा प्रदान गरी र टिकाई राख्ने व्यवस्था मिलाइनेछ ।
१७. विद्यार्थीहरुमा उच्च नैतिक चरित्र निर्माण गरिने र विद्यार्थीहरुमा आदर्श र अनुशासित नागरिकका गुणहरु विकास गरिनेछ।
१८. शैक्षिक क्यालेन्डर तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
१९. IEMIS संचालनलाई व्यवस्थित बनाउदै लगिनेछ ।
२०. यस नगरपालिका अन्तरगत रहेका प्राविधिक धारका विद्यालयलाई सम्पूर्ण पक्षको विकास तथा सुधार गरी प्रविणता प्रमाणपत्र तहमा विज्ञान संकाय संचालन गर्ने नीति अबलम्वन गरिनेछ ।

**नगर सभा सदस्य ज्यूहरु**

## ३) कृषि सम्वन्धी नीति :

१. नगरपालिका भित्ररहेका कृषि विद्युत मिटर जडान गरेका किसानहरुलाई विधुत महशुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२. यस नगरपालिका भित्रका दुग्ध उत्पादक किसानहरुलाई प्रतिलिटर दुधमा ०.५० (पचास पैसा) अनुदान उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
३. कृषकहरुलाई माटोको प्रकार गुणस्तर, हावापानी अनुकुल खेती गर्न मल, बिउ र प्राविधिक सेवा उपलब्ध गराईनेछ।

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी, बारा मधेश प्रदेश, नेपाल

CS CamScanner

४. किसानहरलाई समयमा नै खाद्य मल उपलब्ध गराउनका लागि केन्द्र र प्रदेश सरकार संग आवश्यक समसन्वयको नीति अवलम्वन गरिनेछ ।

५. प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्वन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

६. फलफुल तथा तरकारी भण्डारका लागी चिस्यान केन्द्र र दुग्ध संकलन तथा भण्डारणका लागी चिलिङग केन्द्र यथोचित व्यवस्थाका लागी निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

७. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा बढावा दिईनेछ ।

८. कृषिको उत्पादकत्व बृद्धिका लागि अनुदानमा कृषि औजारको रुपमा वितरणको नीति अवलम्वन गरिने छ ।

९. कृषकहरुको हौसला बढाउन कृषक सम्मान कार्यक्रम गरिनेछ ।

१०. कृषि उपजको भण्डारण तथा बजारीकरणको उचित व्यवस्थापन गरिनेछ ।

११. स्वदेशी तथा वैदेशिक संघ संस्था तथा निकाय संग संघीय कानुन अनुसार अनुदान,ऋण, तथा सहयोग प्राप्त गरी कृषि तथा पशु विकास संचालन कार्यक्रम संचालन गरिनेछ ।

१२. स्थानीय उत्पादनलाई प्रोत्साहनका कार्यहरु अगाढी बढाइनेछ ।

१३. दुग्ध उत्पादन सहकारी र माछा उत्पादन सहकारीलाई ढुवानी गाडी खरिद गर्न समृद्धि कार्यक्रममा नगरले पनि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

## ४) पर्यटन सम्वन्धी नीति :

१. कोल्हवी नगरपालिका वडा नं. २ स्थित पातालगंगा क्षेत्रलाई संरक्षण र स्तर उन्नती गरी पातालगंगा क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

२. आन्तरिक एवं वाह्य पर्यटक भित्रयाउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ।

३. यस नगरपालिका भित्रका जातिगत पर्व, बाजा, संस्कार, भेषभुषा, संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

## ५) उद्योग सम्बन्धी नीति :

१. लघु घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।

२. आर्थिक विकासलाई टेवा पुऱ्याउने व्यवसाय तथा कलकारखानाको स्थापना र सञ्चालनमा निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

३. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिम व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको सुनिश्चितता गरिनेछ ।

**नगर सभा सदस्य ज्यूहरु**

## ६) युवा तथा खेलकूद नीति :

१. पालिकास्तरीय भलिभल/फुटवल, क्रिकेट र विद्यालयस्तरीयं खेदकुद कार्यक्रम संचालन गरीनेछ ।

२. पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ ।

३. नगर खेलकूद विकास समिति गठन गरिनेछ ।

## ७) सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्वन्धी नीति :

१. नगर स्थित सहकारी संस्थाहरु अनुमति, नियमन र प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

CamScanner

२. सहकारीको माध्यमवाट स्थानीय स्रोत श्रम, सीप र पूर्जीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ ।

३. सहकारी संस्थाहरुलाई उत्पादनमूलक कार्यमा आवद्ध गर्न प्रोत्साहन गरिनेछ ।

## ८) सामाजिक विकास सम्वन्धी नीतिहरु :

१. लैङ्गिक समानता तथा समावेशीकरण र दलित एवं बाल विकासका लागि चेतनामूलक कार्यक्रम गरिनेछ ।

२. दलित आवास निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. अपाङ्गता भएका व्यक्तिहरुको सहज जिवन यापनका लागि सहायक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

४. आर्थिक सामाजिक रुपले विपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय आर्जन गरीवी न्युनीकरण, रोजगारी प्रवर्दन जस्ता कार्यक्रमलाई विशेष प्राथमिताका साथ अगाडि बढाईने तथा त्यस्ता वर्गलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा विशेष जोड दिईनेछ ।

५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गर्दै लगिनेछ ।

## ९) खानेपानी तथा सरसफाई सम्वन्धी नीतिहरु :

१. खानेपानीको स्रोतको पहिचान संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था गरिनेछ ।

**नगर सभा सदस्य ज्यूहरु**

## १०) पूर्वाधार विकास सम्वन्धी नीतिहरु :

१. देखिने र ठुला प्रकृतिका सडक आयोजनाहरु संचालन गरिनेछ ।

२. सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथाधार्मिक क्षेत्र विस्थापित नहुने गरी डिजाइन गरिनेछ ।

३. सबै किसिमका पूर्वाधार निमार्ण गर्दा फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरिकको पहुँच सुनिश्चितता हुने गरी गरिनेछ ।

४. कोल्हवी हाट बजार निर्माण कार्यलाई सम्पन्नगरी संचालनमा ल्याइनेछ ।

५. नगरपालिका भित्रका सवै वडा कार्यालयसम्म बाह्रै महिना निर्वाधरुपमा सडक सञ्चालन गर्न बजेटको व्यवस्था गरी कार्य अगाडि बढाईनेछ ।

६. पुरानो बजारहरुलाई क्रमशः सुधार गरी सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ ।

७. वडा कार्यालयको भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ ।

८. पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी नीति अनुशरण गरी लागू गरिनेछ ।

९. नगरपालिका क्षेत्र भित्रको प्रत्येक खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी लगायतका सिंचाईका सुविधाहरु लिने नीति अवलम्वन गरिनेछ ।

१०. विद्युतको नियमित गुणस्तरिय आपूर्तिको लागि नेपाल विद्युत प्राधिकरण सँग समन्वय र सहकार्य गरिनेछ ।

## ११) भवन तथा शहरी विकास सम्वन्धी नीतिहरु :

१. नक्सा पास सम्वन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्रबनाउने अवस्थाको सिर्जना गरिने छ ।

२. सार्वजनिक तथा निजि भवनहरुको निर्माण गर्दा प्रभावकारी रुपमा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिईनेछ।

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी, बारा मधेश प्रदेश, नेपाल

CamScanner

## १२) सञ्चार सम्वन्धी नीतिहरु :

१. दूरसंचार प्रणालीलाई सबै वडामा सर्वसुलभ वनाउन पहल गरिनेछ ।

२. स्थानीय पत्रिका, एफ एम रेडियो, केवल र टेलिभिजनहरु मर्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ ।

३. खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

४. गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउँदै कार्य प्रति जवाफदेही बनाइने छ ।

नगर सभा सदस्य ज्यूहरु

## १३) वन वातावरण तथा भू–संरक्षण सम्वन्धी नीतिहरु :

१. आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी निर्माण सामाग्री तथा नदी कटान र वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी नदीजन्य निर्माण सामाग्रीको सहज आपूर्ति हुनेव्यवस्था मिलाईनेछ ।

२. सफा र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिनेछ ।

३. वातावरण संरक्षणका लागि डिभिजन वन कार्यालय तथा प्रदेश सरकारसंग समन्वय गरी कार्य अगाडि वढाईने छ।

४. नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभावमूल्यांकन र BIO Engineering को प्रविधि अवलम्बन गरिनेछ ।

५. वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिनेछ ।

६. जडीबुटीहरुको उत्पादन र बजारीकरणमा विशेष जोड दिईनेछ ।

७. स्थानीय समुदायको सहयोगमा नगरको विभिन्न स्थान र सडक किनारामा वृक्षारोपण र पुष्पवाटिका निर्माण जस्ता हरियाली पर्वद्धन कार्य गरिनेछ ।

## १४) जलाधार संरक्षण तथा जलवायु परिवर्तन सम्वन्धी नीतिहरुः

१. जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईनेछ ।

२. जलवायू अनुकुल योजना तर्जुमा गरिनेछ ।

## १५) सरसफाई, फोहोरमैला व्यवस्थापन सम्वन्धी नीतिहरु :

१. घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टी टंकि निर्माणलाई अनिवार्य गरिनेछ ।

२. फोहोर मैला विर्सजन प्रशोधन व्यवस्थापन र हुने मुख्य केन्द्र तथा संकलन विन्दु तयगर्दा वातावरण विग्रन नदिने गरी साइट छनौट गरिनेछ ।

३. फोहोर उत्पादन कम गर्ने तथा पुन प्रयोग गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. जमुनी नदिको सफाईमा विशेष ध्यान दिइनेछ ।

५. नदीको स्वच्छता कायम राख्न फोहोरमैला नदी तथा जलस्रोतमा मिसाउने कार्य नियन्त्रण गरिनेछ ।

## १६) प्रकोप नियन्त्रण र विपद व्यवस्थापन सम्वन्धी नीतिहरु :

१. विपद व्यवस्थापनलाई प्रभावकारी र दुरुस्त बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी चालू आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरिने छ । Hi-Tech प्रविधिको प्रयोग गरिनेछ ।

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी, बारा मधेश प्रदेश, नेपाल

२१३।१।६

राम प्रसाद चौधरी
नगर प्रमुख

२. नगरभित्र हुने वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्तिर अन्य कृतिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।

३. विपद व्यवस्थापन पूर्व तयारी, प्रतिकार्य र पुन लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ ।

## १७) वारुणयन्त्र संचालन सम्वन्धी नीतिहरु :

१. वारुणयन्त्र संचालन सम्वन्धमा सम्भव भएसम्म नजिकका स्थानीय निकायहरुसंग समेत सहकार्य गरी साझेदारीमा प्रभावकारी रुपमा संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

२. बारुणयन्त्रको सवारीचालक २४ सै घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाईनेछ।

## १८) संस्थागत विकास सम्वन्धी नीतिहरु :

१. नागरिक (सेवा ग्राही) हरुलाई छिटो छरिटो सेवा प्रदान गरिनेछ ।

२. नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्वन्धि विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईनेछ ।

३. जनप्रतिनिधि एव पदाधिकारीहरुको आचारसंहिता कडाइका साथ लागु गरिनेछ ।

४. आवश्यकता अनुसार कानूनहरु निर्माण गरिनेछ ।

५. पारदर्शिता कायम गरिनेछ ।

## १९) सुशासन सम्वन्धी नीतिहरु :

१. कर्मचारी क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्थापन गरिनेछ ।

२. दरबन्दी व्यवस्थापन गरिनेछ ।

३. संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियमानुसार नगरकार्यपालिकालाई आवश्यक पर्ने श्रोतको व्यवस्था हेरी दरवन्दी र संगठन संरचना तयार गरिनेछ ।

४. सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरिनेछ ।

५. नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ।

६. उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, फोहरमैलाव्यवस्थापन समिति, टोल विकास समिति, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईनेछ ।

७. आन्तरिक आय सवल वनाउन राजश्व दायरा विस्तार गरिनेछ ।

८. गत विगत आर्थिक वर्षहरुमा भएको ढूंगा, गिटि, वालुवा, पूर्वाधार श्रोत उपयोग शूल्क तथा वजार ठेक्काबाट सम्झौता बमोजिम प्राप्त हुन बाँकी रहेको रकम असुल उपर गरी आन्तरिक आयमा वृद्धि गरिनेछ ।

९. आन्तरिक स्रोतको अभिवृद्धिका लागि पूर्वाधारको विकास गरी सेवा शुल्कमा आवद्ध गरिनेछ

१०. नागरीक सन्तुष्टीको लागि नियमितरुपमा नागरिक सर्वेक्षण फाराम भराउने परिपाटीको थालनी गरिनेछ ।

११. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ ।

१२. गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाईने छ ।

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी, बारा मधेश प्रदेश, नेपाल

राम प्रसाद चौधरी
प्रमुख

CamScanner

१३. नगरपालिकाको दीर्घकालिन विकासको लागि योजना निर्माण गर्दा दिगो विकासका लक्ष्य सूचकहरुको आधारमा गरिनेछ ।

१४. स्थानीय विवादहरु हामी आँफै समाधान गर्ने मेलमिलापको माध्यमलाई प्राथमिकता दिईने हरेक वडामा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।

१५. प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा तोकिएको क्षेत्राधिकार भित्र रही न्याय सम्पादन गरिनेछ ।

१६. न्यायिक समितिलाई व्यवस्थित र सर्वसाधारणको पहुँचमा पुयाईने छ ।

१७. दिगो स्थानीय आर्थिक विकासका निम्ती नीजि क्षेत्र, सहकारी, गैर सरकारी संस्था र स्थानीय समुदायसंग साझेदारीमा प्रभावकारी क्षमता विकास, उत्पादन वृद्धी, उद्यम विकास, बजारीकरण, रोजगारी सृजना तथा पूर्वाधार निर्माणका कार्यक्रमहरु संचालन गरिनेछ ।

## नगर सभा सदस्य ज्यूहरु

आर्थिक सामाजिक, बातावरणिय पूर्वाधार र सुशासन क्षेत्रको विकास गरी कोल्हवी नगरपालिकाको हित, गौरव, सम्मान र स्वाभिमान वृद्धि गर्ने गरी आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट यस कोल्हवी नगरपालिकाको सेवा प्रवाह, विकास व्यवस्थापन र सुशासन कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सवैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु । अन्तमा कोल्हवीको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि,सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु

राम प्रसाद चौधरी
नगर प्रमुख

## नगर उप प्रमुख श्री लक्ष्मी कुमारी चौधरीबाट प्रस्तुत आ.व २०८०/८१ को आय व्यय र वजेट

उपस्थित, सभाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरुसवैमा मेरो नमस्कार ।

१. कोल्हवीलाई एक साझा भुगोलको रुपमा लिई नागरिकहरुलाई भएका कठिनाई, परेका समस्यालाई केन्द्रमा राखि सवै घर, वस्ती, टोल र वडालाई सिक्रिवद्ध गरी समग्र कोल्हवीको विकास गर्ने सोचले वजेटको कार्यान्वयन गर्ने गरिएको हुंदा असमानता कम हुंदै गएको छ । आधारभूत तहका नागरिकहरुमा विकासका कार्यक्रम पुग्न सकेका छन । सेवाप्रवाह छिटो र सहज भएका छेन, आय आर्जन, उद्यम विकास, स्वरोजगार र रोजगारीका अवसरहरु वृद्धि भई नागरिकको दैनिक जिवनयापनमा सहयोग पुगेको छ । समावेशी विकास, समन्यायीक विकासको प्रतिफल सवै नागरिकहरुले उपयोग गर्ने अवसर मिलेको छ । लक्षित समुदाय जेष्ठ नागरिक, वालवालिका, महिला, अपांगता भएका व्यक्ति र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा सहयोग पुगेको छ ।

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी, बारा मधेश प्रदेश, नेपाल

राम प्रसाद चौधरी
नगर प्रमुख

२. दिगो भौतिक विकासलाई जोड दिंदै सवै वस्ती, वडा र अन्तर पालिका तथा जिल्ला जोड्ने सडक संजालको विकास हुँदैछ । सडकलाई व्यावसायिक र पर्यावरणीय वनाउन जोड दिइएको छ । कृषि, पर्यटन, पूर्वाधार र रोजगार, सुन्दर कोल्हवी समृद्धीको आधार हाम्रो दिर्घकालिन सोच पुर्ण हुँदैछ ।समग्रमा समृद्ध कोल्हवी सुखी कोल्हवी वासी हुदै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पुरा हुने गरी हाम्रा योजनाहरु कार्यान्वयन भई रहेका छन ।

३. आगामी आर्थिक वर्ष २०८०/०८१ को आय व्यय र वजेट तय गर्दा मैले चालु वर्ष सम्म प्राप्त उपलब्धीहरुलाई संस्था चालु गर्दै, पहिलो वर्ष देखि अगाडी सारेको दिर्घकालिन सोच,नगरका गौरवका योजनाको कार्यान्वयनलाई जोड दिएको छु । नागरिकका दैनिक आधारभूत आवश्यकता संवोधन गर्ने, नागरिकका सामाजिक तथा आर्थिक हीत संवर्द्धन गर्ने, समावेशी तथा समन्यायिक विकास अगाडी वढाउने तथा दीगो विकासलाई आत्मसाथगर्ने प्रवन्ध मिलाएको छु ।हरित विकासको अवधारणालाई केन्द्रमा राखेर वजेट तथा कार्यक्रमका सवै अगाडी वढेका छन् ।

सभाध्यक्ष महोदय,

४. अव म चालु आर्थिक वर्षको यथार्थ आय व्ययको समिक्षा प्रस्तुत गर्दछु ।

चालु आर्थिक वर्ष २०७९/०८० मा यस नगरपालिकामा बिनियोजित बजेट रकम ८३ करोड ११ लाख ८४ हजार भएको मा हालसम्मको यथार्थ खर्च रु. ५२ करोड ६१ लाख ६८ हजार भएको छ जस मध्ये चालु तर्फ ३० करोड ६० लाख ५९ हजार र पुजिगत तर्फ २२ करोड ०१ लाख ०९ हजार खर्च भएको छ ।

लेखापरीक्षण प्रतिवेदन :

नगरपालिकाको गत आर्थिक वर्ष २०७८/०७९ को आर्थिक श्रेस्ता महालेखापरिक्षणको कार्यालयवाट अन्तिम लेखा परिक्षण भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ। पेश्की वेरुजु देखिएका योजना फरफारक गरी फछ्यौंट हुने क्रममा रहेको छ। म.ले.प. वाट प्रारम्भिक रुपमा औल्याईएका वेरुजुको प्रतिक्रिया समेतसमयमा नै पठाई सकिएको छ । वाँकी रहेको वेरुजु फछ्यौंटका लागिआवश्यक प्रक्रिया अगाडी वढाईएको छ ।गत आ.व.मा देखिएका वेरुजुलाई चालु आ.व.मा नदोहोरिने अर्थात बेरुजु न्युनीकरण हुने गरी कार्यान्वयन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व. २०८०/०८१ को अनुमानित आय र व्यय प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्ष २०८०/०८१मा आय तर्फ आन्तरिक आय रु. १० करोड २४ लाख २२ हजार राजश्व बाडफाडवाट प्राप्त हुने रु. १३ करोड २४ लाख ६४ हजार नेपाल सरकारबाट सशर्त अनुदान रु ३९ करोड ०२ लाख प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. १ करोड ८७ लाख ९४ हजार गरी जम्मा रकम रु ६४ करोड ३८ लाख ८० हजार आय अनुमान गरिएको छ ।

त्यसै गरी खर्च अनुमान तर्फ चालु खर्च ३५ करोड ६४ लाख ३० हजार र पुजिगत खर्च रु २८ करोड ७४ लाख ५० हजार बिनियोजन गरिएको छ जुन कुल बजेटको चालु तर्फ ५५ प्रतिशत र पुजिगत तर्फ ४५ प्रतिशत हुन आउँछ ।

सभाध्यक्ष महोदय,

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी बारा मधेश प्रदेश, नेपाल

राजा प्रसाद चौधरी
नगर प्रमुख

CamScanner

५. नेपाल पक्ष राष्ट्र भएर अन्तर्राष्ट्रिय समुदायमा गरेको प्रतिवद्धता तथा अभिसन्धीहरु, दीगो विकास लक्ष्य, विकासशील मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य, नेपालको संविधानमा निर्दिष्ट मौलिक हक तथा नागरिक कर्तव्य, संविधानले विन्यास गरेको स्थानीय सरकारको अधिकार क्षेत्र,नेपालको पन्ध्रौ योजनाले तोकेका प्राथमिकताहरु, स्थानीय सरकार संचालनऐन, २०७४, आगामी आर्थिक वर्षका लागि संघीय सरकारको आय व्यय र बजेट र वजेट, मधेश प्रदेश सरकारको आय व्यय र बजेट र वजेट, स्थानीय नागरिकको माग, चाहना तथा आवश्यकता, वस्ती, टोल, वार्ड, विषयचालु समितिमा भएका छलफल र प्रथामिकता, विज्ञहरुको सुझाव, नगरकार्यपालिकामा भएको साधन स्रोतको उपलब्धता तथा यस नगरकार्यपालिकाको आ.व. २०८०।०८१ को पारित आय व्यय र बजेटलाई प्रमुख आधार मानी आगामी आर्थिक वर्षको वजेट निर्माण गरेको छु ।

श्रीमान् सभाध्यक्ष ज्यू

अब म आगामी आ.व. २०८०/८१ का लागि राजस्व परिचालनको आय व्यय र बजेट प्रस्तुत गर्दछु ।

**कोल्हवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, बारा**
**कार्यालयको कोड : ८०२२१४०१३००**
**Projection of revenue and grants to achieve**

रु. हजारमा

| रु. हजारमा | |
|---|---|
| शीर्षक | आ.व. २०८०/८१ को अनुमान |
| आय | ६४३८८० |
| राजस्व | १३२४६४ |
| आन्तरिक श्रोत | १०२४२२ |
| ११३१ सम्पती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर बजार ठेक्का | १६०० |
| ११३१४ भुमिकर/मालपोत | १००० |
| ११३२१ घरवहाल कर | ५०० |
| ११३२२ वहाल विटौरी कर | ५०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३००० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०० |
| ११६९१ अन्य कर | ५०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ५०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४०० |
| १४२४१ पार्किङ्ग शुल्क | १०० |
| १४२४२ नक्सापास दस्तुर | ५०० |
| १४२४९ अन्य दस्तुर | १२०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०० |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १०० |
| १४२६५ अन्य क्षेत्रको आय (उठन बाकी बक्यौता समेत) | ८६००० |

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी, बारा मधेश प्रदेश, नेपाल

प्रमुख

| | |
|---|---|
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | २२२ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ३०० |
| १४६११ व्यवसाय कर | ५०० |
| ३२१२२ बैंक मौज्दात | ५००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १३२४६४ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १५००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७०४७९ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ४६९८५ |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ० |
| अन्य आय | ० |
| १४५२९ अन्य राजस्व | ० |
| अन्तर सरकारी वितीय हस्तान्तरण | ३९०२०० |
| संघीय सरकार | ३९०२०० |
| १३३११ समानिकरण अनुदान | १३३५०० |
| १३३१२ शसर्त अनुदान चालु | २३७२०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ११५०० |
| १३३१६ समपुरक अनुदान पुजिगत | ८००० |
| प्रदेश सरकार | १८७९४ |
| १३३११ समानिकरण अनुदान | ११२९४ |
| १३३१२ शसर्त अनुदान पुजिगत | २५०० |
| १३३१४ विषेश अनुदान पुजिगत | ३००० |
| १३३१६ समपुरक अनुदान पुजिगत | २००० |
| बैदेशिक | ० |
| जनसहभागिता | 0 |

- पछिल्ला वर्षहरुमा आन्तरिक स्रोत परिचालन उत्साहजनक नभएकोले विकास निर्माणका गति तथा लक्ष्य प्राप्तिकालागि आवश्यक स्रोत जुटाउन राजस्वको वर्तमान वृद्धिदर मात्रै पर्याप्त हुने अवस्था छैन । करका दर तथा दायरा एवं करका नया क्षेत्र पहिचान आवश्यक देखिन्छ ।
- प्रस्तावित राजस्वका दर नगरसभा बाट स्वीकृत भएपछि आगामी आ.व. २०८०/८१ का लागि कायम गरिने छ ।
- राजस्वका दायरा विकास गर्न आगामी आ.व.२०८०/८१ देखि सम्पति कर लागू गर्न आवश्यक पर्ने सम्पूर्ण तयारी पुरा गरिनेछ ।
- राजस्व परिचालन वृद्धिका लागि आवश्यक सचेतनामुलक तथा घुम्ती टोली कार्यक्रम संचालनमा ल्याइनेछ ।
- सबै वडामा विद्युतीय राजस्व संकलन प्रविधि र प्रिन्टेड नगदी रसीदको शुरुआत गरिनेछ ।
- करदाता शिक्षा अभिवृद्धि गरिनेछ ।
- नगरभित्रका सम्पूर्ण व्यवसायलाई कानूनी रुपले दर्ता प्रक्रियामा ल्याइनेछ ।
- साझा अधिकार क्षेत्रका सवालमा संघ र प्रदेशसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

नगर प्रमुख

यस बजेटको कार्यान्वयनबाट नगरक्षेत्र भित्रका विकास गतिविधिले गति प्राप्त गरि आर्थिक उपकरणहरु चलायमान हुनेछन । ग्रामिण सडकहरु मर्मत भई शहर सडक संग जोडीनेछन् । मातृ, शिशु मृत्युदरमा कमि आउने छ । गाउँ गाउँमा सेवा प्रवाह भई सेवाग्राही कोल्हवी आउनु पर्ने बाध्यताको अन्त्य हुनेछ ।

श्रीमान् सभाध्यक्ष ज्यू ,

अब म आर्थिक बर्ष ०८०/८१ को आय-व्ययको विवरण निम्न तालिकामा रही व्यक्त गर्न चाहन्छु।

कोल्हवी नगरपालिका बाराको आ.ब. २०८०/८१ को व्यय अनुमान

क) चालु खर्च तर्फ

| क.सं. | खर्च शीर्षक नं. | खर्च शीर्षकको नाम | जम्मा बजेट (रु.हजारमा) | श्रोत |
|---|---|---|---|---|
| १ | २११११ | स्थायी कर्मचारी तलब | ३३००० | राजश्व बाडफाड |
| २ | २२४१३ | करार कर्मचारी पारिश्रामिक | ३२००० | राजश्व बाडफाड |
| ३ | २१११२ | पदाधिकारी पारिश्रामिक | ११५०० | राजश्व बाडफाड |
| ४ | २११२१ | पोशाक | ६५० | राजश्व बाडफाड |
| ५ | २११३३ | महंगी भत्ता | १२० | राजश्व बाडफाड |
| ६ | २११३४ | कर्मचारी बैठक भत्ता | १०० | राजश्व बाडफाड |
| ७ | २११३५ | स्थानीय भत्ता | ६००० | राजश्व बाडफाड |
| ८ | २११४१ | पदाधिकारी बैठक भत्ता | ४००० | राजश्व बाडफाड |
| ९ | २१२१४ | कर्मचारी कल्याण कोष | ५०० | राजश्व बाडफाड |
| १० | २२१११ | पानी तथा विजुली | ५०० | राजश्व बाडफाड |
| ११ | २२११२ | संचार महशुल | १५०० | राजश्व बाडफाड |
| १३ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ९००० | राजश्व बाडफाड |
| १४ | २२२१३ | सवारी साधन मर्मत खर्च | ३००० | राजश्व बाडफाड |
| १५ | २२२१४ | वीमा तथा नवीकरण | ७०० | राजश्व बाडफाड |
| १६ | २२२२१ | मेशिनरी औजार मर्मत खर्च | ५०० | राजश्व बाडफाड |
| १७ | २२२३१ | निर्मीत सार्वजनिक सम्पतिको मर्मत संभार खर्च | २००० | राजश्व बाडफाड |
| १८ | २२३११ | मसलन्द तथा कार्यालय सामान | ३००० | राजश्व बाडफाड |
| १९ | २२३१५ | पत्रपत्रिका | ५०० | राजश्व बाडफाड |
| २० | २२४११ | सेवा र परामर्श | ५०० | राजश्व बाडफाड |
| २१ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५०० | राजश्व बाडफाड |
| २४ | २२५२२ | कार्यक्रम खर्च | ३००० | राजश्व बाडफाड |
| २५ | २२५२९ | विविध कार्यक्रम खर्च | २००० | राजश्व बाडफाड |
| २६ | २२६११ | अध्ययन अवलोकन तथा अनुगमन तथा मूल्यांकन खर्च | ५०० | राजश्व बाडफाड |
| २७ | २२६१२ | भ्रमण खर्च | ५६० | राजश्व बाडफाड |
| २८ | २२७११ | विविध | १००० | राजश्व बाडफाड |
| २९ | २२७२१ | सभा सञ्चालन खर्च | १००० | राजश्व बाडफाड |
| ३० | २५३१५ | अन्य सहायता वापत खर्च | ५०० | राजश्व बाडफाड |
| ३१ | २८१४२ | घर भाडा | ३०० | राजश्व बाडफाड |
| ३२ | २८१४९ | अन्य भाडा | ३०० | राजश्व बाडफाड |

कोल्हवी, बारा
मधेश प्रदेश,

...प्रसाद चौधरी

| | | | | |
|---|---|---|---|---|
| ३३ | २२२११ | न्यायिक समिति | ५०० | राजश्व बाडफाड |
| | | जम्मा | ११९२३० | राजश्व बाडफाड |

त्यसै गरी पुजिगत तर्फ

कोल्हवी नगरपालिका बाराको आ.व. २०८०/८१ को व्यय अनुमान

क) पुजिगत खर्च तर्फ

| क.सं. | खर्च शीर्षकको नाम | जम्मा बजेट (रु.हजारमा) | श्रोत |
|---|---|---|---|
| १.० | फर्निचर तथा फिक्चर्स | १००० | |
| २.० | मेशिनरी तथा औजार | १००० | |
| ३.० | कृषि तथा पशु | ५००० | |
| ४.० | उद्योग तथा बाणिज्य | ७०० | |
| ५.० | सहकारी | १०० | |
| ६.० | शिक्षा | २७५०० | |
| ७.० | स्वास्थ्य | १०००० | |
| ८.० | खानेपानी तथा सरसफाइ | २०० | |
| ९.० | संस्कृति प्रवर्धन (भेषभुषा विभिन्न महोत्सव) | ५०० | |
| १०.० | खेलकुद मनोरंजन | १५०० | |
| ११.० | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १००० | |
| १२.० | फोहरमैला ढल व्यवस्थापन | ३०० | |
| १३.० | विपद् व्यवस्थापन | २००० | |
| १४.० | सुरक्षा व्यवस्थापन | ५० | |
| १५.० | सूचना प्रविधि | १००० | |
| १६.० | स्थानीय तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन | ३०० | |
| १७.० | अनुसन्धान तथा विकास | ५०० | |
| १८.० | आ.व.078/79 को काम सम्पन्न भइ भुक्तानी हुन बाँकी/सम्पन्न हुन बाकी क्रमागत योजनाहरु | ५०००० | |
| १९.० | निर्माणाधिन बजार भौतिक संरचना निर्माण | १५००० | |
| २०.० | पूर्वाधार विकास कार्यक्रम | २०००० | |
| २१.० | वडा स्तरीय योजना कार्यपालिका समेत | ६५००० | |
| २२.० | मर्मत संभार कोष | ३००० | |
| २३.० | समपुरक कोष | २००० | |
| २४.० | सडक बोर्ड | २००० | |

कोल्हवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्हवी,बारा मधेश प्रदेश,नेपाल

...प्रसाद चौधरी

| | | | |
|---|---|---|---|
| २५.० | सपही कलेज अनुदान | ३००० | |
| २६.० | अनुप दिपनीको जग्गा लिज बापत | १००० | |
| २७.० | समृद्धि कार्यक्रम | ८०० | |
| २८.० | माछा क्लस्टर विकास कार्यक्रम | १००० | |
| २९.० | दलित आवास कार्यक्रम | २७५०० | |
| ३०.० | विधुत जडान कार्यक्रम | ४००० | |
| ३१.० | ह्युमपाइप खरिद | ३००० | |
| ३२.० | लोकसेवा कक्षा तयारी | ५०० | |
| ३३.० | दीर्घरोगीहरुलाइ उपचार सहयोग | ३००० | |
| ३४.० | दुग्ध उत्पादन कार्यक्रम | १५०० | |
| ३५.० | कार्यालय भवन निर्माण | ४५०० | |
| ३६.० | सशस्त्र क्याम्प निर्माण | १००० | |
| | जम्मा पूजीगत तर्फ खर्च | २६०४५० | |

अन्त्यमा,

यस बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने नगरप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, बिषयचालु समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार लगायत अन्यमा हार्दिक आभार प्रकट गर्दछु । विभिन्न बिषयचालु समिती तथा कार्यपालिकामा छलफलबाट प्राप्त सुझावका आधारमा बजेट तर्जुमा गरिएको छ । नगरको चौतर्फी विकास र सम्वृद्धीमा निरन्तर सदभाव र सहयोग पुर्याउने आम नगरवासी,करदाता,विकास साझेदार,सरकारी तथा गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

लक्ष्मी कुमारी चौधरी
नगर उप प्रमुख
कोल्हवी नगरपालिका

## प्रमुख प्रशासकिय अधिकृत बाट प्रस्तुत आर्थिक ऐन ,विनियोजन ऐन तथा अन्य ऐन, नियमावली, कार्यविधि र निर्देशिका

उपस्थित सभाध्यक्ष ज्यू, नगर उप प्रमुख ज्यू, नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु लगायत यस सभामा उपस्थित कर्मचारीहरु सबैमा मेरो नमस्कार ।

नगर कार्यपालिकाबाट निर्णय भई प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत नेपालको संविधान २०७२ को अनुसुचि ८ बमोजिमका स्थानीय तहका एकल अधिकार सुची र अनुसुची ९ बमोजिमका साझा अधिकार सुचीको परिधि

भित्र रही कोल्हवी नगरसभाले स्थानीय सरकार संचालनका लागि आवश्यक पर्ने आर्थिक ऐन, विनियोजन ऐन, कोल्हवी नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन, लगायत अन्य नियमावली कार्यविधि र निर्देशिकाहरु नगर सभामा छलफल गरी तपसिल बमोजिमका विधेयक, नियमावली, कार्यविधि र निर्देशिका स्वीकृतीको लागि सम्मानित सभा समक्ष पेश गर्दछु ।

क। कोल्हवी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्वीकृतिका लागि आर्थिक ऐन, २०८० प्रस्ताव गर्दछु ।

ख। कोल्हवी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०८० प्रस्ताव गर्दछु ।

अन्तमा,

यस आर्थिक ऐन, विनियोजित ऐन, प्रशासकीय कार्यविधि ऐन र अन्य नियमावली, निर्देशिका तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष मार्गदशन तथा सहयोग गर्नुहुने नगर प्रमुख ज्यू, नगर उप प्रमुख ज्यू, विषयगत समितिका सदस्य ज्यू हरु र यस कार्यमा अहोरात्र खटि सहयोग गर्नु हुने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

रामपणी अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
कोल्हवी नगरपालिका